जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १११ २०८३ साल मंसिर १२ गते शनिबार (28 Nov 2026 Saturday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : जनकपुरधाम-अयोध्या रेलले जोड्द.. ३ पृष्ठमा : भारतसँग हवाई रुटमा... ३ पृष्ठमा : ओलम्पिक आयोजनामा...

सप्तरी जिल्ला वार इकाईको कार्य समिति विघट्न

पूर्वअध्यक्ष यादवको नेतृत्वमा पाँच सदस्यीय तदर्थ समिति गठन



दैनिक समाचारदाता
राजविराज, ११ मंसिर ।

सप्तरी जिल्ला वार इकाईको कार्य समिति विघट्न भएको छ । वर्तमान कार्य समितिप्रति असन्तुष्टि बढ्दै गएपछि अविश्वासको प्रस्ताव दर्ता गराउँदै विशेष साधारणसभाको माग गरिएको थियो ।

शुक्रवारको विशेष साधारणसभाले कामेश्वर यादव नेतृत्वमा रहेको वार इकाईको कार्य समिति विघट्न गर्दै पुर्व अध्यक्ष कृपानारायण यादवको संयोजकत्वमा ५ सदस्यीय तदर्थ समिति गठन गरेको हो ।

तदर्थ समितको सचिवमा मनु खनाल, कोषाध्यक्ष विकास कुमार मण्डल, सदस्यहरुमा बिन्देश्वर प्रसाद चौधरी र ज्ञानेन्द्र यादव रहेको बताए । विशेष साधारण सभाले आवश्यकता परे थप दुई जना सदस्य राखिने अधिकार तदर्थ समितिलाई दिदै ६ महिना भित्र नयाँ निर्वाचन सम्पन्न गराउने जिम्मा दिएको जिल्ला वारले जनाएको छ ।

सप्तरी जिल्ला अदालतबाट लेखापढी व्यवसायीको लाइसेन्स परीक्षा लिने जिम्मा पाएका वारले परीक्षा लिएर लाइसेन्स वितरण गरेकै बेलादेखि आर्थिक अनियमितताको विवादमा तानिएको थियो ।

वारकै पूर्व अध्यक्ष रामप्रासाद चौधरी सहितका सदस्यहरुले लाइसेन्स परीक्षामा वर्तमान कार्य समितिले अनियमिता गरेको आरोप लगाउँदै आएको थियो ।

आफ्नो दुई वर्षे कार्यकाल गत कात्तिक ९ पुरा गरेको वर्तमान कार्य समितिले चुनाव गराएर नेतृत्व हस्तान्तरण गर्नुपर्ने बेलमा अविश्वासको प्रस्तावको सामना गर्नुपरेको हो ।

विशेष साधारणसभामा कुल बारका सदस्य १ सय ६ मध्ये ६४ जनाको उपस्थिति रहेको पूर्व अध्यक्ष एवं संयोजक कृपानारायण यादवले जानकारी दिए ।

काँग्रेस देउवा समूहका सप्तरी अध्यक्षमा शत्रुधन यादव चयन

दैनिक समाचारदाता
राजविराज, ११ मंसिर ।

नेपाली काँग्रेस देउवा समूह सप्तरीको शुक्रवार सम्पन्न जिल्ला अधिवेशनबाट शत्रुधन प्रसाद यादवलाई अध्यक्ष पदमा चयन गरेको छ ।

संविधान सभाका पूर्व सदस्य एवं जिल्ला संयोजक सुरेन्द्र यादवको अध्यक्षता तथा पूर्वमन्त्री एवं नेपाली काँग्रेसका केन्द्रिय सदस्य डा. प्रकाश शरण महतको प्रमुख आतिथ्यमा सम्पन्न जिल्ला अधिवेशनले यादवको नेतृत्वमा जिल्ला कमिटि सर्वसम्मत गठन गरेको हो ।

अधिवेशन उद्घाटन समारोहमा पूर्वमन्त्री एवं मधेश प्रदेश संयोजक पदम नारायण चौधरी, पार्टीका केन्द्रिय सदस्य किरण पौडेल, सिता देवकोटा, महिला संघका केन्द्रिय सभापति उषा राउत, कोशी प्रदेशका पूर्व मुख्यमन्त्री केदार कार्की, खोटाङ जिल्ला सभापति रोजन राई, संविधान सभाका पूर्व सदस्य मुन्नी गुप्ता, मुख्तार मोहमद, नरेश यादव, सप्तरी क्षेत्र नं. १ का सभापति उमेश कुमार मिश्र, २ का सभापति प्रभात कुमार ललन, ३ का सभापति रामकेवल यादव, क्षेत्र नं. ४ का सभापति सूर्य नारायण ठाकुर, किरण भगत लगायतकाले शुभकामना मन्तव्य गरेका थिए ।

रासायनिक हतियारमुक्त विश्व निर्माणमा नेपालको जोड

काठमाडौं, ११ मंसिर (रासस) ।

नेपालले रासायनिक हतियारमुक्त विश्व निर्माण गर्ने र रासायनिक हतियार निषेध महासन्धिका उद्देश्य तथा सिद्धान्त कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ ।

नेदरल्यान्ड्सको हेगमा जारी रासायनिक हतियार निषेध सङ्गठन (ओपिसिडब्ल्यु) को सदस्य राष्ट्रहरूको सम्मेलनको ३१औं अधिवेशनमा बेनेलक्स मुलुकका लागि नेपाली राजदूत तथा ओपिसिडब्ल्युका लागि नेपालका स्थायी प्रतिनिधि सेवा लम्सालले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

उहाँले निरस्त्रीकरण र अप्रसारलाई नेपालको परराष्ट्र नीतिका आधारभूत स्तम्भका रूपमा उल्लेख गर्दै विश्व शान्ति, शान्तिपूर्ण सहअस्तित्व र अन्तरराष्ट्रिय सहयोगका सिद्धान्तप्रति नेपालको प्रतिबद्धता दोहोऱ्याउनुभएको ब्रसेल्सस्थित नेपाली दूतावासले जनाएको छ ।

लागुऔषधसहित विभिन्न जिल्लाबाट १७ जना पक्राउ

काठमाडौं, ११ मंसिर (रासस) ।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न जिल्लाबाट १७ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय समाचारकक्षका अनुसार काठमाडौं, कैलाली, झापा, बारा, चितवन, बर्दिया, दाङ, गुल्मी र सुर्खेतबाट उनीहरू पक्राउ परेका हुन् । काठमाडौंबाट भारतका ३२ वर्षीय शिवकुमार चौहान, कैलालीबाट २७ वर्षीय अजय चौधरी, झापाबाट २७ वर्षीय रितेश राई र अनिल राई तथा बाराबाट ३१ वर्षीय विनय महतो र ३० वर्षीय सहजाद शेख पक्राउ परेका हुन् ।

यसैगरी, चितवनबाट २२ वर्षीय विशाल घिसिङ, २६ वर्षीया अञ्जु रिजाल र २५ वर्षीय सुमेश गान्धारी, बर्दियाबाट ३२ वर्षीय रमेश चौधरी, दाङबाट २४ वर्षीय धनबहादुर खत्री, गुल्मीबाट सुन्तला सर्किनी तथा सुर्खेतबाट ३२ वर्षीय दीपक झा पक्राउ परेका छन् । चितवन, बर्दिया र दाङका घटनामा पक्राउ परेका अन्य व्यक्तिको नाम सार्वजनिक गरिएको छैन । उनीहरूबाट गाँजा, खैरो हेरोइन र ब्राउनसुगर जस्तो देखिने पदार्थ बरामद भएको छ ।

मधेश प्रहरी अस्पतालमा आइसियु सेवा सुरु

दैनिक समाचारदाता
राजविराज, ११ मंसिर ।

मधेश प्रदेश प्रहरी अस्पताल ठाकोदेवी-जोगेन्द्र भगतमा सघन उपचार कक्ष (आइसियु) सेवा प्रारम्भ भएको छ ।

सप्तरीको रुपनी गाउँपालिकास्थित उक्त अस्पतालमा बिहीबार आयोजित एक कार्यक्रमकाबीच आइसियु सेवाको उद्घाटन गरिएको हो ।

मधेश प्रहरी प्रमुख डीआईजी ओमप्रकाश अधिकारीले उद्घाटन कार्यक्रममा बोल्दै आइसियुपछी अब अस्पतालमा भेन्डिलेटरको व्यवस्था गर्न पहल गरिने उनले बताए ।

कार्यक्रममा रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले अस्पतालको विकासका लागि गर्नुपर्ने सहयोग गर्न तयार रहेको बताए । अस्पतालमा तत्काल दुई बेडको आइसियु सेवा संचालन गरिएको अस्पताल प्रमुख डा. दीपक भिन्डवारले जानकारी दिए ।

विपतको पूर्व-तयारीमा जुटौं

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता जोखिमबाट जोगिन:

- भवन तथा भौतिक संरचना निर्माण गर्दा भवन सम्बन्धी मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सडक निर्माण कार्य सुस्त

सप्तरीमा लामो समयदेखी जिर्ण सडकहरुको स्तरोन्ती कार्य निकै सुस्त गतिमा चलिरहेको छ । विगत पाँच वर्षदेखी ती मध्ये केही सडक मर्मत तथा नयाँ निर्माणका क्रममा छन् । जिल्लाको विभिन्न स्थानहरुमा लामो समयदेखी निर्माण भइरहेका सडकहरुको काम अझै सम्पन्न हुन नसक्दा यातायातका साधनमा साथै यात्रुहरुले पनि निकै सास्ती व्यहोर्नु परिरहेको छ । सडकसहित नालाको काम समेत समयमा सम्पन्न हुनसकेको छ । छिन्नमस्ता भगवती मन्दिरहुँदै राजविराज सडक खण्ड, भारदह हनुमाननगर राजविराज सडक खण्ड, राजविराज रुपनी सडक खण्ड लगायतका ठूला मार्गमा निर्माणका कार्य अहिले स्थगित गरिएको छ । सरकारले ती सडकहरुको ठेक्का पाएका कम्पनीहरुको सम्झौता रद्द गरेपछी ती सडकहरुको अवस्था जिर्ण रहेको छ ।

यस्तै राजविराज नगरपालिकाको विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्य पनि उस्तै छ । लामो समयदेखी निर्माण कार्य भइरहेको थियो तर, तीन वर्षदेखी ती सडकहरुको निर्माण गर्ने कम्पनीको कुनै अत्तोपत्तो छैन् । जसले ती सडकहरु पनि अहिले अधुरैका साथै अझ जिर्ण अवस्थामा पुगिसकेको छ । ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ । मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने सडक अहिले धुलोमय बनेको छ । हावाहुरीको यस महिनामा सडकको धुलो घरहरुमा प्रवेश गर्नुका साथै मानिसको स्वास्थ्यमा समेत प्रभाव पारिरहेको छ । यतिमात्र नभएर सवारीसाधन गुडाउन समेत समस्या परेको छ । नाला निर्माण कार्य पनि रोकिएको छ । जसले गर्दा घरको पानी बाहिर बगिरहेको छ । यसले सडक फोहर र दुर्घन्धित बनेको छ ।

तसर्थ यस्ता सडकहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखेर सम्पन्न गराउनेतर्फ सरोकारवाला निकाय तथा स्थानिय पालिकाले अग्रसरता देखाउनु जरुरी छ । समयमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ विक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

जनकपुरधाम-अयोध्या रेलले जोड्दै आस्था र संस्कृति, धार्मिक पर्यटनमा उत्साह



राजु विश्वकर्मा

जनकपुरधाम, ११ मंसिर (रासस) ।

त्रेतायुगीन रामायणकालीन सभ्यतासँग जोडिएका दुई ऐतिहासिक धार्मिक नगरी जनकपुरधाम र अयोध्याबीच अब रेलमार्गबाट प्रत्यक्ष सम्पर्क स्थापित भएको छ । माता सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको जन्मभूमि अयोध्यालाई जोड्ने रेल सेवाले नेपाल-भारतबीच सदियौँदेखि कायम धार्मिक, सांस्कृतिक तथा भावनात्मक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने जनकपुरधामवासीको अपेक्षा छ ।

रामायणमा वर्णित राम-सीताको प्रेम, आदर्श, त्याग र समर्पणसँग जोडिएका यी दुई ऐतिहासिक सहरबीच रेल सेवा सञ्चालन हुनुलाई सामान्य यातायात सुविधाका रूपमा मात्र हेरिएको छैन । यसलाई दुई देशको साझा धार्मिक सभ्यता, सांस्कृतिक विरासत र जनस्तरको आत्मीय सम्बन्धलाई थप मजबुत बनाउने महत्वपूर्ण माध्यमका रूपमा लिन सकिन्छ । रेल सेवाले दुवै देशका श्रद्धालु तथा पर्यटकलाई सहज आवागमनको अवसर प्रदान गर्नुका साथै धार्मिक पर्यटन, स्थानीय व्यापार र आर्थिक गतिविधिमा नयाँ सम्भावनाको ढोका खोल्ने विश्वास गरिएको छ ।

जनकपुरधाम र अयोध्या धार्मिक आस्थाका दृष्टिले नेपाल र भारतका महत्वपूर्ण तीर्थस्थल हुन् । जनकपुरधामलाई माता सीताको जन्मभूमि र अयोध्यालाई भगवान् रामको जन्मभूमिका रूपमा श्रद्धापूर्वक स्मरण गरिन्छ । यी दुई सहरबीचको सम्बन्ध धार्मिक ग्रन्थ, परम्परा र सांस्कृतिक मान्यतामा मात्र सीमित छैन, दुवै देशका नागरिकको भावनासँग पनि गहिरोसँग जोडिएको छ । अब रेलमार्गबाट प्रत्यक्ष जोडिएपछि रामायणकालीन धार्मिक स्थलको दर्शन गर्न चाहने श्रद्धालुका लागि यात्रा थप सहज हुने भएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा गत मङ्सिर ७ गते नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा हरियो झण्डा देखाएर उक्त रेल सेवाको शुभारम्भ गर्नुभएको थियो । जनकपुरधाम र अयोध्याबीच धार्मिक यात्रा सहज बनाउने उद्देश्यसहित सुरु गरिएको सरयू-कमला एक्सप्रेस रेल सेवा यही शनिबारदेखि व्यावसायिक रूपमा सञ्चालनमा आउने तयारीमा छ ।

उद्घाटन भएको एक साताभित्रै रेलसेवा व्यावसायिक रूपमा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार अयोध्याबाट शनिबार बिहान जनकपुरधाम आइपुग्ने रेलको व्यावसायिक सञ्चालनका लागि टिकट बुकिङ खुला गर्ने तयारी भइरहेको छ । टिकटको भाडादर निर्धारण गर्ने विषयमा छलफल भइरहेको र केही प्राविधिक काम बाँकी रहे पनि जनकपुरधाम रेल्वे स्टेसनबाटै टिकट खरिद गर्न सकिने व्यवस्था मिलाउन लागिएको उहाँले बताउनुभयो ।

अनलाइनबाट टिकट लिन चाहने यात्रुले भारतकै टिकट प्रणालीमार्फत टिकट बुक गर्न सक्नेछन् भने नेपालबाटै टिकट लिन चाहने यात्रुले जनकपुरधाम रेल्वे स्टेसनमा पुगेर टिकट खरिद गर्न सक्नेछन् । यस व्यवस्थाले नेपाली यात्रुलाई टिकट प्राप्त गर्न सहज हुने विश्वास गरिएको प्रबन्ध सञ्चालक पराजुलीको विश्वास छ । उहाँका अनुसार रेलमा यात्रा गर्न नेपाली नागरिकले नेपाल सरकारबाट जारी गरिएका परिचयपत्रमध्ये कुनै एक अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ । यात्रुले नेपाली नागरिकता, राहदानी वा मतदाता परिचयपत्रका आधारमा टिकट लिनसक्ने व्यवस्था गरिएको छ ।

जनकपुरधाम-अयोध्या रेलमा कुल १७ वटा डिब्बा रहनेछन् । जसमा वातानुकूलित द्वितीय श्रेणीका दुई, वातानुकूलित तृतीय श्रेणीका तीन, तृतीय इकोनोमी श्रेणीका तीन, शयनयान श्रेणीका सात र एसएलआरका दुई डिब्बा समावेश छन् । विभिन्न श्रेणीका डिब्बा समावेश गरिएकाले यात्रुले आफ्नो आवश्यकता र सुविधाअनुसार यात्रा गर्न सक्नेछन् ।

निर्धारित समयतालिका अनुसार प्रत्येक शनिबार जनकपुरधामबाट अयोध्याका लागि रेल प्रस्थान गर्नेछ भने सोमबार अयोध्याबाट जनकपुरधाम फर्कनेछ । साप्ताहिक रूपमा सञ्चालन हुने यस सेवाले विशेषगरी माता सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको जन्मभूमि अयोध्याको दर्शन गर्न चाहने दुवै देशका तीर्थयात्रीलाई सहजता प्रदान गर्ने छ ।

करिब ६०४ किलोमिटर दूरी तय गर्ने रेलले भारतको बिहार तथा उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्यासँग जोड्नेछ । रेलमार्गमा जयनगर, मधुबनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्याधामलगायत स्थानमा व्यावसायिक बिसौनी रहने प्रबन्ध सञ्चालक पराजुलीले बतानुभयो । ती स्थानबाट यात्रु चढ्न तथा ओर्लन सक्ने व्यवस्था गरिएको छ । यसले जनकपुरधाम र अयोध्यालाई मात्र नभई रेलमार्गमा पर्ने विभिन्न सहरका यात्रुलाई समेत लाभ पुऱ्याउने अपेक्षा गरिएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष जितेन्द्र महासेठले जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनले धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । उहाँका अनुसार माता सीताको जन्मभूमि र भगवान् रामको जन्मभूमिबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुनु दुवै देशका श्रद्धालुका लागि ऐतिहासिक अवसर हो । उहाँले यस सेवाले जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । रामायणसँग जोडिएका धार्मिक स्थलबीच सहज आवागमन हुन थालेपछि भारतका विभिन्न क्षेत्रबाट जनकपुरधाम आउने पर्यटकको सङ्ख्या बढ्नसक्ने उहाँको भनाइ छ । उहाँले रेल सेवाले धार्मिक पर्यटनसँगै नेपाल-भारतबीच जनस्तरको सम्बन्ध विस्तारमा सहयोग पुऱ्याउने र मधेस प्रदेशको कृषि, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्ने बताउनुभयो ।

धार्मिक पर्यटकको आगमन बढेपछि स्थानीय होटल व्यवसायी, यातायात व्यवसायी, खानपान तथा हस्तकला व्यवसायमा आबद्ध समुदायले प्रत्यक्ष लाभ लिन सक्ने उहाँले उल्लेख गर्नुभयो । पर्यटकको आवागमनले स्थानीय उत्पादनको बजार विस्तार हुनुका साथै रोजगारीका नयाँ अवसरसमेत सिर्जना हुन सक्ने उहाँको विश्वास छ । जनकपुरधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला सभ्यता, कला, संस्कृति र परम्पराको विशिष्ट पहिचान बोकेको सहर पनि हो । यहाँको जानकी मन्दिर, राम मन्दिर, विवाहमण्डप, धनुषाधाम, पोखरी तथा विभिन्न धार्मिक सम्पदाले जनकपुरधामको ऐतिहासिक र सांस्कृतिक महत्त्वलाई उजागर गर्दै आएका छन् ।

कानुन व्यवसायी राजकुमार महासेठले जनकपुरधाम-अयोध्या रेल सेवाले दुवै देशका धार्मिक पर्यटकीय गन्तव्यमा पर्यटकको आवागमन बढाउने बताउनुभयो । उहाँका अनुसार जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, धनुषाधाम, विवाहमण्डप तथा मिथिलाको मौलिक कला, संस्कृति र सम्पदालाई अन्तर्राष्ट्रिय पर्यटन बजारसँग जोड्न रेल सेवाले सहयोग पुऱ्याउनेछ । उहाँले रेल सेवाले भारतसँग नेपालको धार्मिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई थप उचाइ दिने विश्वास व्यक्त गर्नुभयो । जनकपुरधाममा आउने पर्यटकलाई धार्मिक स्थलको दर्शनसँगै मिथिलाको कला, संस्कृति, खानपान र परम्परागत जीवनशैलीको अनुभव गराउन सके पर्यटनको सम्भावना झन् विस्तार हुने उहाँको भनाइ छ ।

मिथिला चित्रकला, लोकगीत, लोकनृत्य, परम्परागत हस्तकला, विवाह संस्कार तथा विभिन्न सांस्कृतिक पर्व जनकपुरधामका महत्त्वपूर्ण पर्यटकीय आकर्षण हुन् । रेलमार्गबाट पर्यटकको आवागमन बढेपछि यी मौलिक सम्पदाको प्रचारप्रसार र बजार विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको उहाँको कथन छ । धार्मिक पर्यटकको सङ्ख्या बढेसँगै जनकपुरधामको होटल तथा आवास व्यवसाय, रेस्टुरेन्ट, यातायात, हस्तकला, स्थानीय उत्पादन र पर्यटन पथप्रदर्शन क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुने सम्भावना छ । पर्यटकको बसाइ अवधि बढाउन सकिए स्थानीय व्यवसायीले प्रत्यक्ष लाभ लिनसक्ने कानून व्यवयासी महासेठले बताउनुभयो ।

रेल सेवाबाट आउने पर्यटकलाई लक्षित गरी धार्मिक भ्रमण प्याकेज, स्थानीय सांस्कृतिक कार्यक्रम, मिथिला भोजन, हस्तकला प्रदर्शनी तथा पर्यटकीय गन्तव्यको भ्रमण व्यवस्था गर्न सकिनेछ । यसले पर्यटन व्यवसायलाई व्यवस्थित बनाउनुका साथै स्थानीय युवाका लागि रोजगारीका अवसरसमेत सिर्जना गर्न सक्ने उहाँको भनाइ छ । कानुन व्यवसायी महासेठले पर्यटकको आगमन बढेपछि स्थानीय होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटक पथप्रदर्शक तथा हस्तकला क्षेत्रमा आबद्ध समुदायले प्रत्यक्ष लाभ लिन सक्ने बताउनुभयो । त्यसका लागि पर्यटकमैत्री पूर्वाधार, सरसफाइ, आवास, सुरक्षा, सूचना तथा यातायात व्यवस्थापनमा सुधार गर्नुपर्ने उहाँको सुझाव छ ।

जनकपुरधाम र अयोध्या रामायणसँग सम्बन्धित दुई महत्वपूर्ण धार्मिक केन्द्र हुन् । यी दुई सहरबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुँदा रामायण सर्किटको अवधारणालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । जनकपुरधाममा विवाहपञ्चमी, रामनवमी, जानकी

बाँकी तीन पृष्ठमा

भारतसँग हवाई रुटमा ऐतिहासिक सहमतिः भैरहवा र पोखरा विमानस्थल सञ्चालनको बाटो खुल्दै

सिबी अधिकारी

काठमाडौँ, ११ मंसिर (रासस)।

नेपालको अन्तरराष्ट्रिय हवाई उड्डयन क्षेत्रले लामो समयदेखि प्रतीक्षा गरिरहेको एउटा महत्वपूर्ण कूटनीतिक उपलब्धि हासिल भएको छ। नेपालले एक दशकभन्दा लामो समयदेखि भारतसँग माग गर्दै आएको थप हवाई प्रवेशमार्ग उपलब्ध गराउने विषयमा दुई देशबीच सहमति जुटेको छ। यससँगै विशेषगरी भैरहवा र पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई अन्तरराष्ट्रिय उडानको प्रभावकारी केन्द्रका रूपमा विकास गर्ने नेपालको प्रयासले नयाँ गति लिने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहको मङ्सिर ६ र ७ गते सम्पन्न भारतको राजकीय भ्रमणका क्रममा नेपाल र भारतबीच अन्तरराष्ट्रिय उडानका लागि थप हवाई प्रवेशमार्ग उपलब्ध गराउने विषयमा सहमति भएको हो। दुई देशका प्रधानमन्त्रीबीच भएको द्विपक्षीय वार्तापछि जारी संयुक्त वक्तव्यमा हाल एकतर्फी रूपमा सञ्चालनमा रहेको काठमाडौँ-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउने उल्लेख गरिएको छ।

संयुक्त वक्तव्यको बुँदा नं ८ मा भनिएको छ, "हाल एकतर्फी रहेको बी३४५ काठमाडौँ-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउन दुवै पक्ष सहमत भएका छन्। यस सम्बन्धमा मोडालिटीलाई अन्तिम रूप दिन तथा हाल छलफलमा रहेका दुवै पक्षका अन्य नागरिक उड्डयनसम्बन्धी प्रस्तावहरूलाई सम्बोधन गर्न प्राविधिक परामर्श गरिनेछ।"

यो सहमतिलाई नेपालको हवाई उड्डयन क्षेत्रका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। किनभने अन्तरराष्ट्रिय उडानका लागि सीमित प्रवेशमार्गमा निर्भर रहँदै आएको नेपालले अब पश्चिमी क्षेत्रबाट पनि जहाज प्रवेश तथा बहिर्गमनका लागि थप विकल्प प्राप्त गर्ने सम्भावना बनेको छ।

प्राविधिक टोलीले थाल्यो काम

भारतसँग सहमति जुटेपछि नेपालले नयाँ हवाई रुट कार्यान्वयनका लागि आवश्यक प्राविधिक तयारी अघि बढाएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का अनुसार संयुक्त प्राविधिक टोलीले रुट सञ्चालनसम्बन्धी काम सुरु गरिसकेको छ।

नयाँ हवाई मार्ग कुन भौगोलिक बिन्दुबाट नेपाल प्रवेश गर्ने, जहाजको उचाइ कति हुने र भारतबाट नेपालतर्फ जहाज स्थानान्तरण हुने प्रक्रिया कसरी व्यवस्थापन गर्ने भन्ने विषय प्राविधिक छलफलबाट टुङ्गो लगाइनेछ।

क्यानका एक उच्च अधिकारीका अनुसार नेपाली पक्षले आवश्यक गृहकार्य सुरु गरिसकेको छ भने भारतीय पक्षलाई संयुक्त बैठकका लागि प्रस्ताव पठाउने तयारी भइरहेको छ। उहाँले भन्नुभयो, "ज्वाइन्ट टेक्निकल टिमले वर्कआउट सुरु गरिसकेको छ। कुन बिन्दुबाट हवाई प्रवेशमार्ग प्राप्त हुने तथा कति उचाइमा भारतबाट नेपालमा जहाज ट्रान्सफर हुने भन्नेबारे दुवै देशका प्राविधिक टोलीले टुङ्ग्याउनेछन्।"

प्राविधिक छलफलबाट रुटको अन्तिम स्वरूप, उडान सञ्चालन प्रक्रिया, उचाइ निर्धारण तथा हवाई ट्राफिक व्यवस्थापनसम्बन्धी विषय टुङ्ग्याइनेछ। त्यसपछि दुवै देशको एरोनोटिकल इन्फर्मेसन पब्लिकेसन (एआइपी)मा आवश्यक सूचना प्रकाशित गरिनेछ।

नेपाल नागरिक उड्डयन प्राधिकरण र भारतको एयरपोर्ट अथोरिटी अफ इन्डियाले आ-आफ्नो एआइपीमा सूचना सार्वजनिक गरेपछि नयाँ हवाई मार्ग औपचारिक रूपमा कार्यान्वयनमा आउनेछ। यसर्थ, दुई देशबीच राजनीतिक तहमा सहमति भए पनि यात्रुवाहक तथा अन्य अन्तरराष्ट्रिय जहाजले नयाँ रुट प्रयोग गर्न प्राविधिक र प्रशासनिक प्रक्रिया पूरा हुनुपर्नेछ।

काठमाडौँ विमानस्थलको चाप घट्ने अपेक्षा

नयाँ हवाई प्रवेशमार्ग सञ्चालनमा आएपछि नेपालको प्रमुख अन्तरराष्ट्रिय विमानस्थल त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको उडान व्यवस्थापनमा समेत सहजता आउने अपेक्षा गरिएको छ।

हाल नेपाल प्रवेश गर्ने अधिकांश अन्तरराष्ट्रिय जहाजले बाराको सिमरा प्रवेशबिन्दु प्रयोग गर्नुपर्ने अवस्था छ। सीमित प्रवेशमार्गमा निर्भर रहनुपर्दा पश्चिमी क्षेत्रबाट नेपाल प्रवेश गर्ने जहाजले आवश्यकताअनुसार छोटो र सहज मार्ग प्रयोग गर्न पाएका छैनन्।

भैरहवा रुट दुईतर्फी भएपछि पश्चिमबाट नेपाल प्रवेश गर्ने जहाजले थप विकल्प प्राप्त गर्नेछन्। यसले जहाजको उडान दूरी र समय घटाउन सहयोग गर्नेछ। साथै अन्तरराष्ट्रिय हवाई मार्गमा हुने चाप व्यवस्थापन गर्न र जहाजलाई लामो समय आकाशमै होल्ड गर्नुपर्ने अवस्था कम गर्न पनि मद्दत पुग्ने अपेक्षा गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव जयनारायण आचार्यले थप हवाई प्रवेशमार्ग प्राप्त हुनु नेपालको हवाई उड्डयन क्षेत्रका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। उहाँका अनुसार यसले नेपालको हवाई क्षेत्रको उपयोग क्षमता तथा उडान सञ्चालन दक्षता बढाउनेछ। जहाजको आवतजावत सहज हुने, इन्धन खपत कम हुने, यात्रुको समय तथा लागत बचत हुने र विदेशी पर्यटकको आवागमनमा समेत सकारात्मक प्रभाव पर्नेछ।

"थप हवाई रुट प्राप्त गर्नु नेपालका लागि ठूलो उपलब्धि हो। यसलाई परिपक्वता दिन केही प्राविधिक काम बाँकी छन्। दुवै देशका प्राविधिक टोलीले यसलाई टुङ्गोमा पुऱ्याएपछि कार्यान्वयनमा आउनेछ", उहाँले भन्नुभयो।

भैरहवा र पोखरा विमानस्थल सञ्चालनको मुख्य आधार

नेपालले थप हवाई प्रवेशमार्ग माग गर्नुको प्रमुख उद्देश्य भैरहवा र पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालन गर्नु हो।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा राज्यले ठूलो लगानी गरेको छ। तर निर्माण सम्पन्न भएर सञ्चालनमा आए पनि दुवै विमानस्थलबाट अपेक्षित रूपमा नियमित अन्तरराष्ट्रिय उडान विस्तार हुनसकेको छैन। यसको एउटा प्रमुख कारण भारतीय हवाई क्षेत्रसँग जोडिने सहज प्रवेश तथा बहिर्गमन मार्गको अभावलाई मानिदै आएको छ।

भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान सञ्चालन गर्दा भारतीय हवाई क्षेत्रको प्रयोग महत्वपूर्ण हुन्छ। भारततर्फको सहज प्रवेश र बहिर्गमन मार्ग नहुँदा विमानस्थलको व्यावसायिक सञ्चालनमा चुनौती देखिँदै आएको छ।

भैरहवा रुट दुईतर्फी भएपछि पश्चिमबाट आउने अन्तरराष्ट्रिय जहाजलाई नेपाल प्रवेश गर्न र उडानपछि बाहिरिन थप सहज हुने अपेक्षा गरिएको छ। यसले विशेषगरी पश्चिमी मुलुकबाट आउने जहाजको उडान व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्छ।

त्यस्तै, पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान विस्तार गर्न पनि सहज हवाई सम्पर्क आवश्यक छ। पश्चिमी क्षेत्रबाट नेपाल प्रवेश गर्ने जहाजलाई छोटो रुट उपलब्ध हुँदा पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालसँग जोड्न थप सहजता हुने अपेक्षा गरिएको छ।

यद्यपि भैरहवा रुटसम्बन्धी पछिल्लो सहमतिले दुवै क्षेत्रका विमानस्थललाई तत्काल पूर्ण क्षमतामा सञ्चालन गर्ने सुनिश्चित गर्दैन। त्यसका लागि नियमित अन्तरराष्ट्रिय उडान, वायुसेवा कम्पनीको व्यावसायिक चासो, यात्रु माग र अन्य पूर्वाधारसम्बन्धी पक्ष पनि महत्वपूर्ण रहनेछन्।

नेपालले भारतसँग भैरहवा रुट मात्र नभई पश्चिमी तथा अन्य क्षेत्रबाट अन्तरराष्ट्रिय जहाज प्रवेश गराउन थप हवाई मार्गको माग गर्दै आएको छ। विशेषगरी महेन्द्रनगर, नेपालगञ्ज, भैरहवा र जनकपुरबाट थप प्रवेशमार्ग उपलब्ध गराउन नेपालले भारतसँग आग्रह गरेको थियो।

यसक्रममा भारत महेन्द्रनगरबाट ३९ हजार फिट उचाइमा जहाज प्रवेश गराउन सहमत भएको जनाइएको छ। यसलाई नेपालको पश्चिमी हवाई प्रवेश व्यवस्थापनका लागि अर्को महत्वपूर्ण सम्भावनाका रूपमा हेरिएको छ। त्यस्तै, भैरहवा र जनकपुरबाट कम उचाइमा हवाई मार्ग उपलब्ध गराउने विषयमा पनि भारत सकारात्मक देखिएको छ। तर यी विषयमा अन्तिम निर्णय हुन बाँकी छ।

नेपालले तत्काल सम्भव हुने हवाई प्रवेशमार्ग सञ्चालनमा ल्याएर बाँकी विषयलाई क्रमशः वार्ताबाट टुङ्ग्याउन प्रस्ताव गर्दै आएको थियो। भारतले भने विभिन्न हवाई रुट तथा नागरिक उड्डयनसम्बन्धी प्रस्तावलाई छुट्टाछुट्टै सम्बोधन गर्नुभन्दा समग्र प्याकेजमै समझदारी खोजिरहेको थियो।

बाँकी अन्तिम पृष्ठमा

जनकपुरधाम ...

नवमी तथा अन्य धार्मिक पर्वका अवसरमा भारतका विभिन्न स्थानबाट ठूलो सङ्ख्यामा श्रद्धालु आउने गरेका छन्। त्यसैगरी अयोध्यामा पनि विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिका अवसरमा स्वदेशी तथा विदेशी पर्यटकको आवागमन हुने गरेको छ।

दुवै सहरबीच रेल सेवा सञ्चालन भएपछि तीर्थयात्रीले एउटै यात्रामा दुवै धार्मिक स्थलको दर्शन गर्ने अवसर पाउनेछन्। यसले धार्मिक यात्रालाई सहज बनाउनुका साथै दुवै देशका धार्मिक तथा सांस्कृतिक संस्थाबीच सहकार्य र सम्पर्क विस्तार गर्ने सम्भावना पनि बढाएको अधिकारकर्मी सिजेन्द्र सदाको भनाइ छ। रामायणसँग सम्बन्धित अन्य धार्मिक तथा ऐतिहासिक स्थललाई समेत एउटै पर्यटन मार्गमा जोड्नसके नेपाल र भारतबीच धार्मिक पर्यटनको दायरा अझ विस्तार हुन सक्ने उहाँले बताउनुभयो।

नागरिक समाजका अगुवा रेखा झालले लामो समयदेखि पहल हुँदै आए पनि सञ्चालन हुन नसकेको रेल सेवा अहिले कार्यान्वयनको चरणमा पुग्नु सकारात्मक उपलब्धि भएको बताउनुभयो। उहाँले रेल सेवालाई नियमित र प्रभावकारी बनाउन दुवै देशका सरकारबीच आवश्यक नीतिगत निर्णय, प्रशासनिक समन्वय तथा पूर्वाधार व्यवस्थापन हुनुपर्नेमा जोड दिनुभयो। उहाँका अनुसार रेल सेवा सञ्चालन हुनु महत्वपूर्ण उपलब्धि भए पनि यसको दीर्घकालीन सफलता नियमित सञ्चालन, यात्रुको सुरक्षा, सहज टिकट व्यवस्था र प्रभावकारी व्यवस्थापनमा निर्भर रहनेछ।

धार्मिक पर्यटनबाट स्थानीय समुदायले लाभ लिन सक्ने वातावरण बनाउन सरकार तथा निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ छ।

हाल भारतको जयनगरदेखि नेपालको जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ। यही रेल सञ्जाललाई आधार बनाएर व्यावसायिक रूपमा जनकपुरधाम-अयोध्या विशेष रेल सेवा सञ्चालन गर्न लागिएको हो। जनकपुरधामलाई माता सीताको जन्मभूमि र अयोध्यालाई भगवान् रामको जन्मभूमिका रूपमा मानिँदै आएको छ। यी दुई ऐतिहासिक सहरबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित भएपछि धार्मिक पर्यटनको नयाँ सम्भावना खुल्ने र रामायणसँग जोडिएका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको सम्बन्ध थप बलियो हुने अपेक्षा गरिएको छ।

नयाँ रेल सेवाले श्रद्धा र संस्कृतिका दुई ऐतिहासिक केन्द्रबीच पर्यटकको आवागमन सहज बनाउनुका साथै स्थानीय आर्थिक गतिविधि र नेपाल-भारतको जनस्तरको सम्बन्धलाई समेत नयाँ गति दिने स्थानीय व्यवसायी अम्बुप्रसाद साहको विश्वास छ। यसले धार्मिक आस्थालाई पर्यटन, व्यापार र आर्थिक समृद्धिसँग जोड्न सकिए जनकपुरधामले अन्तर्राष्ट्रिय पर्यटन बजारमा थप पहिचान स्थापित गर्ने अवसर पाउनेछ। यसका लागि रेल सेवा नियमित र भरपर्दो बनाउने, यात्रुको सहज आवागमन सुनिश्चित गर्ने, पर्यटकीय पूर्वाधार सुधार गर्ने तथा दुवै देशका सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गर्नुपर्ने साहले बताउनुभयो।

विश्व समाचार

ओलम्पिक आयोजनामा भारतीय दाबी बलियो

नयाँदिल्ली, ११ मङ्सिर (रासस/एएफपी)।

सन् २०३६ को ओलम्पिक आयोजना गर्ने लक्ष्यसहित भारतले प्रस्तुत गरेको प्रस्ताव सकारात्मक रहेको भन्दै भारतीय अधिकारीहरूले आयोजक छनोट प्रक्रियाको अर्को चरणमा प्रवेश गर्ने विश्वास व्यक्त गरेका छन्। अहमदाबादलाई मुख्य आयोजक सहरका रूपमा अघि सार्दै भारतीय ओलम्पिक सङ्घले अन्तर्राष्ट्रिय ओलम्पिक समितिसमक्ष आफ्नो प्रस्तुतीकरण गरेको हो। भारतीय ओलम्पिक सङ्घ (आइओए) ले बिहीबार अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आइओसी) को भविष्यका आयोजकसम्बन्धी आयोगसमक्ष अनलाइन प्रस्तुतीकरण गर्दै गुजरातको अहमदाबादमा ओलम्पिक आयोजना गर्ने आफ्नो योजना प्रस्तुत गरेको थियो। आइओएका प्रमुख कार्यकारी रघुराम अय्यरले प्रस्तुतीकरण निकै राम्रो भएको बताउनुभएको छ। पत्रकारहरूसँग कुरा गर्दै उहाँले आइओसीसँगको छलफल व्यापक स्तरमा भएको जानकारी दिनुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीको गृह राज्य गुजरातमा रहेको अहमदाबादले सन् २०३० को राष्ट्रमण्डल खेलकुद आयोजना गर्ने तयारी गरिरहेको छ। यसलाई सहरको सङ्गठनात्मक क्षमता परीक्षण गर्ने महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ। सन् २०३६ को ओलम्पिक आयोजनाका लागि भारतसहित जर्मनी, हङ्गेरी, कतार, दक्षिण अफ्रिका, दक्षिण कोरिया र टर्की गरी सात देशले रुचि देखाएका छन्। यद्यपि, भारतको ओलम्पिक आयोजनासम्बन्धी प्रयास भारतीय ओलम्पिक सङ्घभित्रको आन्तरिक विवादबीच अघि बढिरहेको छ। यसै महिनाको सुरुमा आइओसीले प्रशासनिक समस्या समाधान गर्न भारतीय सङ्घलाई चेतावनी दिएको थियो। निर्वाचन प्रक्रियामा ठूलो धाँधली भएको आरोप लगाएपछि सङ्घकी अध्यक्ष पीटी उषाले डिसेम्बरमा पुनः निर्वाचन नलड्ने घोषणा गर्नुभएको थियो। अय्यरका अनुसार भारत अहिले आइओसीसँग निरन्तर संवादको चरणमा छ। यो चरण सफलतापूर्वक पार गरेमा आगामी वर्ष मार्च वा अप्रिलमा हुने रणनीतिक संवादमा सहभागी हुने अवसर प्राप्त हुनेछ। उहाँले ओलम्पिकजस्तो ठूलो प्रतियोगिता आयोजना गर्न केन्द्र सरकार, राज्य सरकार, स्थानीय निकाय र खेलकुद सङ्घहरूको पूर्ण समर्थन आवश्यक पर्ने बताउनुभयो। सन् २०२८ को लस एन्जलस ओलम्पिकपछि वा सन् २०२९ को सुरुतिर सन् २०३६ को ओलम्पिक आयोजकबारे अन्तिम निर्णय हुन सक्ने उहाँले बताउनुभयो।

युद्धमा सहभागी नहुने दक्षिण कोरियाको प्रतिबद्धता

सियोल, ११ मङ्सिर (रासस/एएनआई)।

दक्षिण कोरियाले पश्चिम एसियामा जारी युद्धमा हस्तक्षेप नगर्ने र उक्त क्षेत्रमा सेना तैनाथ गर्ने कुनै योजना नरहेको स्पष्ट पारेको छ। विदेशमन्त्री चो ह्युनले बिहीबार इरानी समकक्षी सैयद अब्बास अराघचीसँगको टेलिफोन वार्तामा यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

दक्षिण कोरियास्थित इरानी दूतावासका अनुसार नोभेम्बर २६ मा भएको वार्तामा द्विपक्षीय सम्बन्ध र क्षेत्रीय अवस्थाबारे छलफल भएको थियो। वार्ताका क्रममा अराघचीले विदेशी सैन्य उपस्थितिले तनाव बढाउने र द्वन्द्व विस्तार गर्ने भन्दै चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले क्षेत्रीय शान्तिका लागि भइरहेका कूटनीतिक प्रयासबारे पनि जानकारी गराउनुभएको थियो। चोले दक्षिण कोरियाको शान्ति र स्थिरताप्रतिको समर्थन दोहोऱ्याउँदै युद्ध अन्त्यका लागि कूटनीतिक समाधान खोज्नुपर्ने बताउनुभएको थियो। यसैबीच, अराघचीले बाह्य दबाबको सामना गर्दै व्यापार मार्ग खुला राख्ने र आन्तरिक आवश्यकता पूरा गर्ने विषय इरानको प्राथमिकतामा रहेको बताउनुभएको छ। छिमेकी मुलुकमा कार्यरत इरानी कूटनीतिक अधिकारीहरू देशको आवश्यकता पूरा गर्न र व्यापार मार्ग सञ्चालनमा राख्न निरन्तर सक्रिय रहेको उहाँले उल्लेख गर्नुभयो। कतार र पाकिस्तानले मध्यस्थताका प्रयास जारी राखेको जानकारी दिँदै उहाँले इरान रक्षा र कूटनीति दुवैका लागि तयार रहेको बताउनुभएको छ। यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको युद्धमा अमेरिका विजयको नजिक रहेको दाबी गर्नुभएको छ। थप मानवीय क्षति रोक्न इरानलाई सम्झौतामा पुग्ने अवसर दिइरहेको बताउँदै उहाँले इरानले त्यसको सदुपयोग गर्छ कि गर्दैन भन्नेमा भने आफू विश्वस्त नरहेको उल्लेख गर्नुभएको छ।

चीन र रुस इरानसँग धेरै कम संलग्न छन् : ट्रम्प

पाम बिच, संयुक्त राज्य अमेरिका, ११ मङ्सिर (एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार इरानसँग रुस र चीनले कृत्तिम बुद्धिमत्ता (एआई) को आदानप्रदान गरेको विषयलाई कम महत्व दिँदै उनीहरू इरानसँग कम संलग्न रहेको बताउनुभएको छ। तेहरानका सहयोगीहरूले अमेरिकी सैन्य अड्डाहरूलाई निसाना बनाउन मद्दत गरेको रिपोर्टहरू आएका बेला उहाँले यस्तो प्रतिक्रिया दिनुभएको हो। राष्ट्रपति ट्रम्पले फ्लोरिडाको आफ्नो मार-ए-लागो रिसोर्टमा पत्रकारहरूसँग संक्षिप्त प्रेस सम्मेलन गर्दै भन्नुभयो, "मैले हालै चिनियाँ समकक्षी सी जिनपिङ र रुसका भ्लादिमिर पुटिनसँग गरेको त्रिपक्षीय बैठकमा इरान द्वन्द्वको बारेमा छलफल भएको थियो।

उहाँले भन्नुभयो, "राष्ट्रपति सीसँगको मेरो बैठक अद्भुत थियो। मलाई लाग्छ उनीहरू इरानसँग धेरै कम संलग्न छन्।" ट्रम्पले भन्नुभयो, "उनीहरू संलग्न हुन सक्छन्, तर हाम्रो लागि संलग्नता भनेको आक्रमण गर्नु हो, सानो जानकारी दिनु होइन। हामी पनि त्यही गर्छौं।" "उनीहरूले हामीमाथि जासुसी गरिरहेका हुन सक्छन् भन्छन्, हामी पनि उनीहरूमाथि जासुसी गर्छौं," उहाँले थप्नुभयो। रुसले इरानसँग एआई आदानप्रदान गरेको विषयमा ट्रम्पले भन्नुभयो, "उनीहरूले धेरै सूचना दिन्छन् भन्ने मलाई लाग्दैन।" उहाँले भन्नुभयो, "दुवै देशले इरानसँगको द्वन्द्व सकियोस् भन्ने चाहना राखेको र 'त्यस सन्दर्भमा उनीहरूले मलाई सहयोग गरिरहेका छन्'।" मध्यपूर्वको द्वन्द्वमा चीन, रूस र उत्तर कोरिया प्रत्यक्ष वा परोक्षरूपमा इरानका प्रमुख सहयोगी रहेको भन्ने आरोप लाग्ने गरेको पाइन्छ।

भारतसँग हवाई ...

नेपाललाई भैरहवा रुट उपलब्ध गराउने विषयसँगै भारतले बागडोग्रा विमानस्थलका लागि पनि नेपालसँग हवाई मार्गको प्रस्ताव गरेको थियो । दुई देशबीचको पछिल्लो सहमतिमा यी विषयलाई समेत प्राविधिक परामर्शमार्फत अघि बढाउने समझदारी भएको छ ।

जहाजको समय र सञ्चालन खर्च घट्ने

क्यानका पूर्वमहानिर्देशक रतिशचन्द्रलाल सुमनले भैरहवा हवाई रुट दुईतर्फी हुनु नेपालको हवाई उड्डयन क्षेत्रका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभएको छ ।

उहाँका अनुसार पश्चिमबाट नेपाल प्रवेश गर्ने जहाजले नयाँ रुट प्रयोग गर्न पाएमा उडान समय घट्नेछ । यसले जहाजको उडान अवधि, इन्धन खपत र सञ्चालन खर्चमा समेत सकारात्मक प्रभाव पार्नेछ । "भैरहवामा एकतर्फी हवाई रुट छ । दुईतर्फी भयो भने नेपालमा पश्चिमबाट प्रवेश गर्ने जहाजको समय कम हुन्छ । अन्तरराष्ट्रिय हवाई रुटको चाप पनि घट्छ । जहाजको आवर घट्छ र जहाजको साइकल पनि कम हुन्छ । काठमाडौँ विमानस्थलको उडान चाप व्यवस्थापनमा टेवा पुग्छ", उहाँले भन्नुभयो ।

उहाँले सहमति कार्यान्वयन पक्षलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । हवाई उडानमा लाग्ने समय र इन्धन खर्च घट्नु वायुसेवा कम्पनीका लागि आर्थिक रूपमा महत्वपूर्ण हुन्छ । यसले अन्तरराष्ट्रिय वायुसेवा कम्पनीलाई नेपालका क्षेत्रीय विमानस्थलसम्म उडान सञ्चालन गर्न प्रोत्साहित गर्न सक्ने अपेक्षा गरिएको छ ।

यसका अतिरिक्त जहाजले लामो समय आकाशमा होल्ड गर्नुपर्ने अवस्था कम हुँदा यात्रुको यात्रा समय घट्ने र उडानको नियमिततामा सुधार आउन सक्नेछ ।

एक दशकदेखिको कूटनीतिक प्रयासले पायो परिणाम

नेपालले एक दशकभन्दा लामो समयदेखि भारतसँग थप हवाई प्रवेशमार्ग उपलब्ध गराउन निरन्तर कूटनीतिक पहल गर्दै आएको थियो । यसअघि पनि नेपालका प्रधानमन्त्रीहरूको भारत भ्रमण तथा उच्चस्तरीय द्विपक्षीय वार्तामा हवाई रुटको विषय प्राथमिकताका साथ उठ्ने गरेको थियो । तर प्राविधिक विषय, सुरक्षा संवेदनशीलता र हवाई क्षेत्रको व्यवस्थापनसम्बन्धी मतभिन्नताका कारण ठोस सहमति हुन सकेको थिएन ।

नेपालले अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा ठूलो लगानी गरे पनि ती विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालन गर्न भारतीय हवाई क्षेत्रसँग सहज सम्पर्क आवश्यक रहेको विषय निरन्तर उठाउँदै आएको थियो ।

प्रधानमन्त्री शाहको भारत भ्रमणमा यस विषयलाई प्राथमिकताका साथ उठाइएपछि लामो समयदेखि रोकिएको हवाई रुटसम्बन्धी छलफलले सकारात्मक परिणाम दिएको हो । नेपालका लागि यो सहमति केवल एउटा नयाँ हवाई मार्ग प्राप्त गर्ने विषयमात्र नभई अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तार, क्षेत्रीय विमानस्थलको व्यावसायिक उपयोग र पर्यटन प्रवर्द्धनसँग समेत जोडिएको छ ।

नेपाल र भारतबीच भएको पछिल्लो सहमतिले नेपालको हवाई उड्डयन क्षेत्रमा नयाँ सम्भावना सृजना गरेको छ । तर यसको वास्तविक लाभ प्राप्त गर्न प्राविधिक तथा प्रशासनिक प्रक्रिया शीघ्र पूरा गर्नु आवश्यक छ ।

रुटको प्रवेशबिन्दु, उडान उचाइ, हवाई ट्राफिक व्यवस्थापन, सुरक्षा मापदण्ड र सञ्चालन प्रक्रियासम्बन्धी विषय टुङ्ग्याएर दुवै देशको एआइपीमा प्रकाशित गर्नुपर्नेछ । त्यसपछि मात्र अन्तरराष्ट्रिय वायुसेवा कम्पनीले नयाँ मार्ग प्रयोग गर्न सक्नेछन् ।

दुई पूर्वमन्त्रीसहित १० जनालाई थप पाँच दिन हिरासतमा राख्न अनुमति

काठमाडौँ, ११ मंसिर (रासस) ।

गैरकानुनी रूपमा नेपाली श्रमिकलाई वैदेशिक रोजगारीका लागि मलेसिया पठाउने निर्णय प्रक्रियामा संलग्न रहेको आरोपमा पक्राउ परेका दुई पूर्वमन्त्रीसहित १० जनालाई थप पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौँले अनुमति दिएको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वरराय यादवसहित १० जनामाथि अनुसन्धान गर्न थप म्याद लिएको हो ।

सिआइबीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक अनुपमशम्शेर जबराले अनुसन्धानका क्रममा पक्राउ परेका उनीहरूलाई थप पाँच दिन हिरासतमा राख्न बिहीबार अदालतले अनुमति दिएको जानकारी दिनुभयो ।

सिआइबीले गत मङ्सिर २ गते पक्राउ पुर्जी जारी गर्ने अनुमति लिएर काठमाडौँ, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको थियोè ▪ स । पक्राउ पर्नेमा तत्कालीन मन्त्रीद्वय कुँवर र यादव, श्रम मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, रोजगार व्यवस्थापन महाशाखाका तत्कालीन प्रमुखद्वय उमेश ढुङ्गाना र राजीव पोखरेल तथा तत्कालीन कानुन अधिकृत निर्मला गुरुङ छन् ।

त्यसैगरी कागेश्वरी मनोहरा निवासी ४२ वर्षीय कैलाश खड्का, भक्तपुरको चाँगुनारायण निवासी ४० वर्षीय रवीन्द्र केसी, गोरखाका ४२ वर्षीय प्रवीण तिवारी र सर्लाहीका ४५ वर्षीय रामपुकार तिवारी पक्राउ परेका छन् ।

सिआइबीका अनुसार मलेसियामा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकसँग ठगी गरी संकलन गरिएको रकम गैरकानुनी रूपमा मलेसिया पठाउने निर्णय प्रक्रियामा संलग्न रहेको आरोपमा उनीहरू पक्राउ परेका हुन् । श्रमिकबाट रकम असुली गरी विदेश पठाउने कार्य तथा त्यससँग सम्बन्धित निर्णय प्रक्रियाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र र विकास रानाभाटसहितका व्यक्तिले दिएको जाहेरीका आधारमा अनुसन्धान अघि बढाइएको सिआइबीले जनाएको छ । पक्राउ परेका १० जनामाथि ठगी तथा सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ ।

यसै प्रकरणमा प्रहरीले बिहीबार पूर्वमुख्यसचिव एकनारायण अर्याललाई समेत पक्राउ गरेको छ । मलेसिया रोजगारीका नाममा भएको भनिएको आर्थिक अनियमितता, निर्णय प्रक्रियामा अधिकारीहरूको भूमिका र रकमको कारोबारबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

IMPACT Nepal

आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था **इम्प्याक्ट नेपाल**का लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८३ मंसिर १६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

पद	काम गर्ने स्थान	संख्या	न्यूनतम योग्यता
प्राथमिक कान उपचार कार्यकर्ता	बारा/पर्सा/सप्तरी	५	CMA/HA

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वा इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र घुसुकपुर, कलैया (९८४५६००६००) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र गौर (०५५-५२०७७३) वा इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिने छ ।

२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसापत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८३/०८४
च.नं. ४२४

मिति:-२०८३/०८/११

राजविराज नगरपालिका

०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ०६ हाल राजविराज नगरपालिका वडा नं. ०७ वस्ने स्व. कपिल प्रसाद देवकोटाको वुहारी स्व.सुरेश प्रसाद देवकोटाको पत्नी सुधा देवकोटा यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो पती स्व.सुरेश प्रसाद देवकोटाको मिति २०८२।०४।२४ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको निज मृतक पतीको हक अपुताली खाने एक मात्र पत्नी सुधा देवकोटाले मेरो पती स्व. सुरेश प्रसाद देवकोटाको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेख भएका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८३॥०६।२६ गते द.न. २७० मा निवेदन दिएको हुदाँ सो सम्वन्धमा उक्त जग्गामा निवेदीका वाहेक अरु कोही कसैको हक दावी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सवुत प्रमाण सहित यस वडा कार्यालयमा उजुरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम भै जाने व्यहोरा जानकारीको लागी अनुरोध छ ।

तपसिल

स्व.सुरेश प्रसाद देवकोटाको नाउँमा दर्ता कायम रहेको जग्गाहरु

सि.न	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	किता नं.	क्षेत्रफल	कैफियत
१	सप्तरी	राजविराज	५(क)	१०११	०-२-११	
२	मोरङ्ग	विराटनगर	८	३८८८	०-०-१४	
३	सिरहा	सोनमती मझौरा	८	८७१	२-११-६.५	
४	सिरहा	सोनमती मझौरा	८	१०३	०-३-१८	
५	सिरहा	सोनमती मझौरा	८	२४२	०-१-८	
६	सिरहा	सोनमती मझौरा	८	५०७	०-०-४	
७	सिरहा	भदैया	५	७	७७२.२० वर्ग.मि.	

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज
सप्तरी

मिति :-२०८३/०८/०४

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ९१ नेम चन्द महेश्वरी मारवारीको नाममा कायम रहेका साविक प्रगन्ना पकरीया मौजे चान बेल्ही सा.कि.नं. ६४९ को ज.वि. ०-१२-१२ र ऐ.ऐ. रैती नं.९ ज्यमीदार हरिनारायणको नाममा कायम रहेको सा.कि.नं.३७२ ज.वि.१-१-१२, सा.कि.नं.८८९ ज.वि.०-३-३ र सा.कि.नं.७४२ ज.वि.०-१-१५ जग्गा जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सिरहा लहान न.पा. वार्ड नं.७ बस्ने हजारी मल शारदाको नाती नेम चन्द शारदा महेश्वरीको छोरा हरि किसन शारदा-१, सुरेन्द्र नारायण शारदा-१ र राजाराम शारदा-१ समेत ३ को यस कार्यालयमा द.नं. १५९८५ मिति २०८२/१०/०८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०८/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

साविक कि.नं.	साविक दर्तावाला	गा.वि.स.	वार्ड नं.	हालको किं.नं.	क्षेत्रफल	हालको दर्तावाला	कैफियत
६४९	नेमचन्द महेश्वरी	मलहनिया	७ख	२०१/८८३	०-१३-१२	हरि किसन शारदा, सुरेन्द्र नारायण शारदा र राजाराम शारदा	कि.नं.२०१ को फिल्डबुक खाली, कि.नं. ३६, ३८ र ११८ को फिल्डबुकको ज.ध. महलमा नेमचन्द महेश्वरी कि.नं.३८ को किसानको महलमा मोती लाल चौधरी, कि.नं.११८ को किसानको महलमा गया प्रसाद साह जनिएको।
३७२	हरी		७ख	३६/१०४८	०-१०-३		
८८९	नारायण		७ख	३८	०-३-२		
७४२			७क	११८	०-९-०		

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*